# राष्ट्रिय सूचना आयोग

## का.म.न.पा.-१० (देवीनगर) काठमाडौं

प. सं. ०७५/७६
च. नं.

### सूचनाको हक कार्यान्वयन सम्बन्धमा राष्ट्रिय सूचना आयोग र प्रदेश सरकारका प्रमुख सचिवहरु बीचको समन्वय बैठक सम्बन्धी प्रेस विज्ञप्ति

सूचनाको हक कार्यान्वयन तथा अनुगमनका सन्दर्भमा प्रदेश सरकारका प्रमुख सचिवहरुसँग राष्ट्रिय सूचना आयोगको आयोजनामा समन्वयात्मक भर्चुअल ZOOM बैठक सम्पन्न भयो । बैठकमा आयोगका तर्फबाट प्रस्तुतीकरण राखिएको थियो । प्रस्तुतीकरणमा सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीमा भएको व्यवस्था, सूचना अधिकारी तोक्ने विषय, स्वतः प्रकाशन गर्नुपर्ने विषय, सूचना माग गर्दा सूचना दिनुपर्ने विषय, आयोगले गरेका आदेशहरुको कार्यान्वयन सम्बन्धी विषय, आयोगले गरेको अनुगमन सम्बन्धी प्रतिवेदनको कार्यक्रमको विषय, समावेश गरिएको थियो । सातै प्रदेशका प्रमुख सचिवहरुले सूचनाको हकको कार्यान्वयन तथा अनुगमन गर्ने सन्दर्भमा आ-आफ्नो विचार राख्नु भएको थियो ।

बैठकमा सूचनाको हक सन्दर्भमा भएका कानूनी व्यवस्थाको कार्यान्वयनमा प्रतिबद्धता व्यक्त गर्नुको साथै सातै प्रदेशका प्रमुख सचिवहरुले आफ्नो विचार व्यक्त गर्नुभएको छ । साथै प्रदेश सरकारमा गठन गरिनुपर्ने सूचनाको हकको कार्यान्वयन अनुगमन एकाई गठन १५ दिन भित्र सम्पन्न गरी काम थाल्ने निर्णय भएको छ ।
प्रदेश स्तरमा सूचना अधिकारी तोक्न लगाउने र स्वतः प्रकाशन नियमित रुपमा गराउने, कार्यान्वयन गर्ने गराउने निर्णय पनि भएकोछ । आगामी बर्ष प्रदेश स्तरका मन्त्रालयहरु तथा अन्य निकायहरुमा सूचनाको हक सम्बन्धी कार्यक्रम राखेर जाने, आयोगसँग नियमित समन्वयमा बस्ने, सचिव बैठकमा छलफलको विषय बनाउने पनि निर्णय भएको छ । सातै प्रदेश स्तरमा हुने सूचनाको हकसम्बन्धी कार्यक्रमहरुमा सूचनाको हकसम्बन्धी राष्ट्रिय सञ्जालका प्रतिनीधिहरुलाई पनि यथाशक्य समावेश गराउने निर्णय भएको छ ।

बैठकमा आयोगको तर्फबाट प्रस्तुतीकरण आयोगका सहसचिव श्री मुकुन्द पौडेलज्यूले गुर्नभएको थियो । आयोगको बारेमा छोटो परिचय तथा स्वागत आयोगका सचिव श्री मणिराम ओझाज्यूले गर्नुभएको थियो । बैठकमा आयोगका आयुक्त द्वय श्री कमला ओली थापाज्यू र रत्न प्रसाद मैनालीज्यूले सूचनाको हक कार्यान्वयनमा प्रदेश स्तरको सकृयता आवश्यक रहेको विचार व्यक्त गर्नुभयो । बैठकको समापन गर्नुहुदै प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङ्गज्यूले सबैलाई धन्यवाद दिई प्रमुख सचिवहरु प्रदेशका प्रशासकीय नेतृत्व भएको हुँदा सूचनाको हकको बारेमा पनि त्यस अनुसारको भूमिका निर्वाह गर्नु आग्रह गर्नुभयो । बैठकका प्रदेश नं. १ का प्रदेश प्रमुख सचिव श्री दिनेश भट्टराइज्यू, बाग्मती प्रदेशका श्री मान बहादुर विश्वकर्माज्यू, गण्डकी प्रदेशका श्री  विष्णुप्रसाद नेपालज्यू प्रदेश नं. ५ का कानून सचिव श्री राजेन्द्र थापाज्यू, कर्णाली प्रदेशका श्री चन्द्रमान श्रेष्ठज्यू, र सुदुरपश्चिम प्रदेशका प्रमुख सचिव श्री रामकृष्ण सुवेदीज्यूले आ आफ्नो धारणा पनि व्यक्त गर्नुभएको थियो । बैठकमा प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सूचना अधिकारीहरुको पनि सहभागीता थियो ।

(कमला ओली थापा)
सूचना आयुक्त तथा प्रवक्ता

२०७७ असोज ८ गते बिहिबार